आज मिति २०७६/०१/१६ गते सोमवारका दिन मिथिला नगरपालिकाका प्रमुख श्री हरिनारायण महतो ज्यूको अध्यक्षतामा उप प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको निम्न अनुसारको उपस्थितिमा कार्यपालिकाको बैठक वसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को क्षेत्राधिकार भित्र रही तपसिल वमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिति

| सि.न | पद | नामथर | उपस्थिति |
|---|---|---|---|
| १ | नगर प्रमुख | हरि नारायण महतो | |
| २ | उप प्रमुख | श्रीमती तारा कुमारी बस्नेत | |
| ३ | वडा अध्यक्ष (१) | लक्ष्मी महतो | |
| ४ | वडा अध्यक्ष (२) | विहारी महतो | |
| ५ | वडा अध्यक्ष (३) | राम एकवाल महतो | |
| ६ | वडा अध्यक्ष (४) | विष्णुहरि खदाल | |
| ७ | वडा अध्यक्ष (५) | श्यामबाबु यादव | |
| ८ | वडा अध्यक्ष (६) | भक्त वहादुर बलम्पाकी | |
| ९ | वडा अध्यक्ष (७) | युबराज उप्रती | |
| १० | वडा अध्यक्ष (८) | देवनारायण महतो | |
| ११ | वडा अध्यक्ष (९) | दीपकजंग थापा | |
| १२ | वडा अध्यक्ष (१०) | सविन विक्रम थापा | |
| १३ | वडा अध्यक्ष (११) | वेद बहादुर कार्की | |
| १४ | कार्यपालिका सदस्य | जहरी देवी | |

| | | | |
|---|---|---|---|
| १५ | कार्यपालिका सदस्य | ठेट कुमारी | |
| १६ | कार्यपालिका सदस्य | रेणु हेन्जन | |
| १७ | कार्यपालिका सदस्य | सीता भित्रीकोटी | सीता |
| १८ | कार्यपालिका सदस्य | अनिता परियार | अनिता |
| १९ | कार्यपालिका सदस्य | राजदेव ठाकुर | राजदेव ठाकुर |
| २० | कार्यपालिका सदस्य | गुलाब ठाकुर | |
| २१ | कार्यपालिका सदस्य | देवी वहादुर तोलांगे | |
| २२ | नि. प्रमुख प्रशासकीय अधिकृत (सचिव) | राम कुमार कार्की | |
| | | सहयोगी कर्मचारी | |
| १ | ना.सु | शिवशंकर प्रसाद सिंह | |
| २ | क.अ. | संजिब प्रसाद घिमिरे | |
| | | | |

## मिथिला नगरपालिका
## कार्यपालिका बैठक

मिति२०७६।०१।१६ गते

हरि नारायण महतो
नगर प्रमुख

वैठकका प्रस्तावहरु

१. जमुनीवास-३ खानेपानी उपभोक्ता समितिको च.नं. ८ मिति ०७५।११।३० को पत्रको सम्वन्धमा ।

माग: थ्रिफेजको स्टेपलाईजर थान १, थ्रिफेजको लागि चेन्जर थान १ र श्रीफेजको लागि कालोतार ५० मिटर ।

२. वडा नं. ५ को च.नं. ७२९ मिति २०७६।१।१५ को पत्रको सम्वन्धमा ।

माग : वडाको शिर्षक नं. ५.२.३ मा भएको ईनार निर्माण निर्माणको लागि रकम अपुग भएकोले थप गरी दिन

३. वडा नं. ८ को च.नं. ७८१ मिति २०७६।१६ को पत्रको सम्वन्धमा ।

माग : साविक वेंगाडाबर १ मा रहेको पोखरी जिर्णोद्धारको लागि १० लाख बजेट थप हुन ।

४. महेन्द्र मा.वि., ढल्केबरको च.नं. १०८ मिति २०७५।१२।२६ को पत्रको सम्वन्धमा ।

माग : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट प्राप्त २ कोठे भवन निर्माणको लागि प्राप्त रकम १६ लाखबाट विज्ञान भवनको दोस्रो तल्लामा अधुरो रहेको निर्माणाधिन भवन वनाउन अनुमोदन गरी दिन ।

५. वडा नं. ५ को च.नं. ६१० मिति २०७५।१२।२० को पत्रको सम्वन्धमा ।

माग : श्रीपुरमा खानेपानीका लागि १ वटा ईनारको लागि थप बजेट ।

६. रेयुकाई एईको मासुनागा आँखा अस्तपतालको च.नं. १३९ मिति २०७५ चैत्र २६ गतेको पत्रको सम्वन्धमा ।

माग: आँखा अस्पताल भवन निर्माणको लागि लाग्ने नक्सा पास दस्तुर मिन्हा गरी दिन ।

७. वडा नं. ११ को च.नं. ६६३ मिति २०७५।१२।२५ को पत्रको सम्वन्धमा

माग: तुलसी ढाडखोला बस्ने मंगल वहादुर माझीको घरमा पौष महिनामा हात्तिबाट भएको क्षतिको लागि राहत वितरण गर्ने सम्वनधमा ।

८. वडा नं. ५ को च.नं. ६३६ मिति २०७६।१२।२७ को पत्रको सम्वन्धमा ।

माग : वडा नं. ५ साविक नक्टाझिज ७ पछवरिया टोलमा रामनारायण महतोको घर नजिक ईनार निर्माण

९. वडा नं. ३ को च.नं. ११२१ मिति २०७६।१।५ को पत्रको सम्वन्धा ।

माग: भोला महतोको जग्गामा कृषि प्रयोजनको लागि ईनार निर्माण ।

हरि नारायण महतो
नगर प्रमुख

सीता

३६.

हरि नारायण महतो
नगर प्रमुख

१०. मा.वि. तुलसी चौडाको च.नं. १३४ मिति २०७५।१२।२८ को पत्रको सम्वन्धमा।

माग: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको पत्रानुसार २ कोठे विद्यालय भवन निर्माणको लागि प्राप्त रकमबाट निर्माणाधिन अधुरो भवन र थप कोठा पुस्तकालय ब्लकको माथिल्लो तल्लामा वनाउने स्वीकृति सम्वन्धमा ।

११. शहरी स्वास्थ्य केन्द्र स्थापना सम्वन्धमा ।

१२. योजना अनुगमन निरीक्षणका लागि सवारी साधन भाडामा लिने सम्वन्धमा ।

१३. वडा नं. ७ मा रहेको कृषि, पशुसेवा र साविकमा विद्यालय भवन रहेको सुखजोर खोला नजिक नगर कार्यपालिकाको भवन सार्ने ठाउँमा कार्यालय सुरक्षा र निर्माण कार्यको सुरक्षा रेखदेख गर्न चौकिदार राख्ने सम्वन्धमा ।

१४. नगरपालिकाबाट हुने विकास निर्माणका लागि योजना सम्झौता गर्ने म्याद थप गर्ने सम्वन्धमा ।

१५. नगर भित्र रहेका विद्यालयहरुमा विद्यार्थी शिक्षक संख्याको अनुपातका आधारमा शिक्षक काजमा खटाउने सम्वन्धमा ।

१६. नगरपालिकाको आय व्यय अनुमोदन गर्ने सम्वन्धमा ।

१७. विविध सम्वन्धमा ।

## निर्णयहरु

निर्णय नं. १ जमुनीवास-३ खानेपानी उपभोक्ता समितिको च.नं. ८ मिति ०७५।११।३० को पत्र माग भए अनुसार मर्मत सम्भार शिर्षकबाट रकम खर्च हुने गरी थ्रिफेजको स्टेपलाईजर थान १, थ्रिफेजको लागि चेन्जर थान १ र थ्रीफेजको लागि कालोतार ५० मिटर सामान खरिद गरी उपलब्ध गराउने ।

निर्णय नं. २. वडा नं. ८ को साविक वेंगाडाबर १ मा रहेको पोखरी जिर्णोद्धारको लागि मर्मत सम्भार शिर्षकबाट खर्च वेहोरिने गरी ५ लाख बजेट उपलब्ध गराउने।

निर्णय नं. ३ महेन्द्र मा.वि., ढल्केबरको च.नं. १०८ मिति २०७५।१२।२६ को पत्र र मा.वि. तुलसी चौडाको च.नं. १३४ मिति २०७५।१२।२८ को पत्रानुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट प्राप्त २ कोठे भवन निर्माणको लागि प्राप्त रकम १६ लाखबाट महेन्द्र मा.वि.को विज्ञान भवनको दोस्रो तल्लामा अधुरो रहेको निर्माणाधिन भवन वनाउन अनुमोदन गरी दिन र मा.वि. तुलसी चौडाको पत्र अनुसार निर्माणाधिन अधुरो भवन र थप कोठा पुस्तकालय ब्लकको माथिल्लो तल्लामा वनाउने स्वीकृति माग गरेकोमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।०७६ बमोजिम माग अनुसार योजना सम्झौता गर्न नमिल्ने देखिएको र तुलसी चौडा मा.वि.ले नयाँ भवन बनाउन ठाउँ नभएकोले बनाउन नसक्ने भनी जानकारी गराएकोले

हरि नारायण महतो
नगर प्रमुख

नयाँ ४ कोठा भवन निर्माण गर्न अनुदान महेन्द्र मा.वि., ढल्केबरलाई उपलब्ध गराउने र कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएको विधि बमोजिम भवन निर्माण गराउने निर्णय गरियो।

निर्णय नं. ४: वडा नं. ५ को च.नं. ६१० मिति २०७५।१२।२० को पत्र अनुसार श्रीपुरमा खानेपानीका लागि १ वटा ईनारको लागि ईनार १० वटा शिर्षकबाट २,५०,०००।०० बजेट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ५: रेयुकाई एईको मासुनागा आँखा अस्तपतालले मिथिला नगरपालिका वडा नं. ६ मा आँखा अस्पताल भवन निर्माण गर्ने भई भवन निर्माणमा लाग्ने नक्सा पास दस्तुर मिन्हा गरी दिन अनुरोध गरेको र भवन निर्माण भई आखाँ अस्पताल सुचारु भएमा यस क्षेत्रका नागरिकको आखाँ स्वास्थ्यमा सहयोग हुने भएकोले माग अनुसार भवन निर्माणमा लाग्ने नक्सा पास दस्तुर मिन्हा दिने निर्णय गरियो।

निर्णय नं. ६: मिथिला नगरपालिका वडा नं. ११ तुलसी ढाडखोला बस्ने मंगल वहादुर माझीको घरमा पौष महिनामा हात्तिबाट भएको क्षतिको लागि रु. ५ हजार राहत उपलब्ध गराउने।

निर्णय नं. ७: वडा नं. २ लक्ष्मी साहको घर नजिक नयाँ ईनार निर्माणको लागि ईनार १० वटा बाट रु. २,५०,०००।०० उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८: वडा नं. ५ को च.नं. ६३६ मिति २०७६।१२।२७ को पत्र वडा नं. ५ साविक नक्टाझिज ७ पछवरिया टोलमा रामनारायण महतोको घर नजिक ईनार १० वटा शिर्षकबाट २,२५,०००।०० ईनार निर्माणका लागि उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.९. वडा नं. ३ को च.नं. ११२१ मिति २०७६।१।५ को पत्र भोला महतोको जग्गामा कृषि प्रयोजनको लागि ईनार निर्माण १० वटा बाट नयाँ ईनार निर्माणको लागि १,५०,०००।०० उपब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१० अनुसार चालु आ.व. २०७५।०७६ को सशर्त तर्फको स्वीकृत कार्यक्रम अनुसार १ वटा शहरी स्वास्थ्य केन्द्र स्थापना गर्ने कार्यक्रम रहेकोले वडा नं. १ ले कम्तीमा २ कोठे भवन स्वास्थ्य केन्द्रलाई निशुल्क उपलब्ध गराउने गरी वडा नं. १ को वडा कार्यालय रहेको भवन नजिक शहरी स्वास्थ्य केन्द्र स्थापना गरी संचालन गर्ने।

निर्णय नं.११ अनुसार कार्यालयमा रहेको २ वटा चार पाङ्ग्रे सवारी साधन मध्ये १ वटा पुरानो भई बारम्बार बिग्रिई रहने भएकोले कार्यालयको दैनिक कामकाज गर्न र योजना तथा कार्यक्रमको अनुगमन निरीक्षण गर्न कठिनाई भई रहेकोले भाडा वा योजना शिरोभार खर्च (कन्टेन्जेन्सी रकम) बाट खर्च वेहोरिने गरी १ वटा चार पाङ्ग्रे हलुका सवारी साधन मासिक रुपमा भाडा भुक्तानी दिने भाडामा लिने।

निर्णय नं. १२ अनुसार वडा नं. ७ मा रहेको कृषि, पशुसेवा र साविकमा विद्यालय भवन रहेको सुखजोर खोला नजिक नगर कार्यपालिकाको कार्यालय सार्न उपयुक्त भई गत आ.व.मा पनि भवन मर्मत गरिएको र चालु आ.व.मा पनि अत्यावश्यक मर्मत, खानेपानीका लागि डिप वोरिङ्ग जडान लगायतका कार्य गर्नु पर्ने भएकोले कार्यभवन सार्ने ठाउँमा कार्यालय सुरक्षा र निर्माण कार्यको सुरक्षाको रेखदेख गर्न मिथिला नगरपालिका वडा नं. ७ बस्ने श्री रेणुकान्त बराललाई मिति २०७६ वैशाख १९ गते देखि मासिक ज्याला रु. १६,२३०।०० मा नबढ्ने गरी चौकिदारमा राख्ने निर्णय गरियो ।

हरि नारायण महतो
नगर प्रमुख

सीता

३८

निर्णय नं. १३ अनुसार नगरपालिकाबाट हुने विकास निर्माणका लागि योजना सम्झौता गर्ने म्याद २०७५ चैत्र मसान्त सम्म भएकोमा सो लाई २०७६ जेष्ठ १० गते सम्म थप गर्ने निर्णय गरियो।

प्रस्ताव नं. १४ अनुसार नगर भित्र रहेका सामुदायिक विद्यालयहरुमा हाल शिक्षकको अभावले विद्यालयहरुको कक्षा सुचारु रुपले संचालन हुन नसकी रहेकोले विद्यार्थी शिक्षक संख्याको अनुपातका आधारमा नगरपालिकाले शिक्षक काजमा खटाउने निर्णय गरियो

निर्णय नं. १५. तपसिल अनुसारको चालु आ.व. २०७५।०७६ आम्दानी खर्च अनुमोदन गरियो ।

| क्र.सं. | बजेट शिर्षक नं. | अवधि | निकासा | खर्च | कैफियत |
|---|---|---|---|---|---|
| १ | ८०२१७४०६००१पूजीगत | २०७५ श्रावण देखि वैशाख १६ सम्म | १,८४,५३,८८६।९९ | १,८४,५३,८८६।९९ | |
| २ | ८०२१७४०६००१पूजीगत | ,, | ४,१५,४२,५१४।८२ | ४,१५,४२,५१४।८२ | |
| ३ | ८०२१७४०६५०३ सामाजिक सुरक्षा भत्ता | ,, | ३३११२७२६।०० | ३३११२७२६।०० | |
| ४ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम ( ८०२१७४०६५०१ | ,, | ७,६६,७८,०९०।५९ | ७,६६,७८,०९०।५९ | |
| | यूनिसेफको कार्यक्रम ( ८०२१७४०६५०६ | ,, | १७,८३,१२०।०० | १७,८३,१२०।०० | |

निर्णय नं १६. योजना सम्पन्न भए पछि नगरस्तरीय योजना तथा कार्यक्रम अनुगमन तथा सुपरीवेक्षण समितिबाट ७ दिन भित्र योजना तथा कार्यक्रमको अनुगमन गरी प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १७ वडा नं. ६ को च.नं. १४४३ मिति २०७६।१।३ को पत्र अनुसार मिथिला शिक्षा सदन विद्यालय नजिक १० वटा ईनार निर्माणबाट २५०,०००।०० उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १८ नेपालमा नै पहिलो पटक वालवालिका तथा किशोर किशोरीहरुको लागि मानसिक स्वास्थ्य कार्यक्रमको लागि मिथिला नगरपालिका भित्रका स्वास्थ्यकर्मीहरुलाई युनिसेफ नेपालबाट कान्ति वाल अस्पतालका विशेषज्ञहरुबाट तालिम प्रदान गरिएको र मानसिक स्वास्थ्य कार्यक्रमलाई अगाडी बढाउन १ जना मानसिक स्वास्थ्य संयोजक सेवा करारमा राखी कार्यक्रमलाई अगाडी बढाउन पर्ने भएको हे.अ.(स्वास्थ्य सेवा) तर्फले पाउने गरी सेवा करारको सूचना प्रकाशन गरिएको हुदा अनुमोदन गर्ने निर्णय गरियो । र सेवा करारमा नियुक्त कर्मचारीलाई सेवा परामर्श शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।